का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ फागुन २०७८,
सोमबार
7 March 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३० । पृष्ठ १६ Madhyanha National Daily www.madhyanhadaily.com

अर्लि इलेक्सन

## आक्रोश कि योजना ?

अर्लि इलेक्सनमा जान सक्ने विकल्पमा सत्तारुढ दलकै नेताहरुको आपत्ति छ । उनीहरु भन्छन्, 'दुई कारणले अब अर्लि इलेक्सनको संभावना र बहस अप्रासंगिक भएको छ- संसदीय प्रक्रियामा एमालेको सहभागिता र सर्वोच्च अदालतको आदेश ।'





'हाम्रो सरकार बन्दा सर्वोच्चले प्रतिनिधि सभाको पूर्ण कार्यकालको ब्याख्या गरेको छ । सरकार बन्दाको ग्राउण्डलाई हेर्दा समेत अर्लि इलेक्सनको विषय अप्रासंगिक छ ।'

**दिलेन्द्रप्रसाद बडु**
मन्त्री, कानुन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।

केही समय सत्तारुढ नेताहरुले प्रतिनिधि सभाको अर्लि इलेक्सनको प्रस्ताव गरेपनि संभावना न्यून बनेर गएको छ । सत्ता गठबन्धनभित्र बहस चलेको अर्लि इलेक्सनको संभावना न्यून रहेको गठबन्धनमा आवद्ध दलका नेताहरु बताउँछन् ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालका अनुसार, प्रमुख विपक्षी नेकपा एमालेले निरन्तर प्रतिनिधिसभा अवरुद्ध गरिरहेका कारण अर्लि इलेक्सनमा जाने विकल्पमा छलफल चलेको हो । 'एमालेले हाउस चल्न नदिने, भत्ता खाइरहने, संसदीय गतिविधि रोकेर हामीलाई हैरान पार्ने । केपी ओलीको वितण्डा कति सहने ?' अध्यक्ष नेपालको प्रश्न छ ।

आइतबार संसद भवन नयाँ वानेश्वरस्थित संसद भवन परिसरमा पत्रकारहरुसंग कुरा गर्दै अध्यक्ष नेपालले संसदको गतिरोध अन्त्य गरेर मुलुकलाई निकास दिन प्रतिनिधि सभा विघटन गरेर स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाको निर्वाचन प्याकेजमै गर्नेबारे छलफल भइरहेको बताए । अर्थात्, अर्लि इलेक्सनको विकल्पमा सत्तागठबन्धनभित्र छलफल चलिरहेको नेपालले पुष्टि गरे ।

यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सत्ता गठबन्धनको बैठकमा तीन विकल्प प्रस्तुत गरेका थिए । पहिलो- संसदको अवरोध खोल्न एमालेलाई आग्रह गर्ने । यसका लागि गम्भीर भएर छलफल गर्ने ।

दोस्रो- एमालेको अवरोधका बीच संसदको सून्य समय, विशेष समय चलाउने र विधेयकहरु अगाडि बढाउने । तेस्रो- प्रतिनिधिसभा विघटन गरेर अर्लि इलेक्सनमा जाने । प्रचण्डको प्रस्तावमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालले पनि समर्थन जनाएका थिए ।

तर, प्रधानमन्त्री एवं नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले एमालेलाई मनाएर संसदलाई पूर्ण कार्यकाल चलाउने विषयलाई प्राथमिकतामा राख्नुपर्ने बताएका थिए । सत्ता गठबन्धनमा चलेको यही छलफल माओवादी अध्यक्ष प्रचण्डले गत शुक्रबार पार्टीको केन्द्रीय कमिटीको बैठकमा ब्रिफिङ गरेका थिए । एकीकृत समाजवादीका अध्यक्ष नेपालले पनि गठबन्धनभित्र चलेको बहस पत्रकारहरुलाई सुनाएका हुन् । तर, स्वमं सत्तारुढ गठबन्धनका नेताहरु अर्लि इलेक्सनको संभावना न्यून भएको बताउँछन् ।

आइतबार प्रतिनिधि सभाले महाअभियोग सिफारिस समिति गठन गर्दा प्रमुख विपक्षी नेकपा एमालेले आफ्नो पार्टीका तर्फबाट उक्त समितिमा रहने सदस्यको

– बाँकी पृष्ठ २ मा

जबराविरुद्ध महाअभियोग

## अघि बढ्यो, अन्योल उस्तै

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।



प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराविरुद्धको महाअभियोग संसदीय प्रक्रियामा अगाडि बढ्ने आधार तयार भएको छ ।

सिफारिस समितिमा एमालेका विष्णु पौडेल, शिवमाया ताम्बाहाङफे, कृष्णभक्त पोखरेल र लालबाबु पण्डित, कांग्रेसका मीनबहादुर विश्वकर्मा र रामबहादुर विष्ट, माओवादी केन्द्रकी यशोदा सुवेदी गुरुङ र रेखा शर्मा, एकीकृत समाजवादीकी कल्याणी खड्का, जसपाका प्रमोद साह र लोसपाका एकवाल मिया छन् ।

प्रतिनिधिसभाले महाअभियोग सिफारिस समिति गठन गरेसँगै जबराविरुद्ध परेको महाअभियोग प्रस्ताव अगाडि बढ्ने आधार तयार भएको हो ।

तर, प्रक्रियामा अगाडि बढ्दैमा महाअभियोग प्रस्ताव पारित हुने वा नहुने अन्योल कायमै छ । कारण- संसदीय अंक गणित । गत फागुन १ गते ९८ जना सांसदले जबराविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गरेका थिए । प्रस्ताव दर्ता भएको २२ दिनपछि प्रतिनिधिसभाले महाअभियोग सिफारिस समिति गठन गरेको हो । अझै जबराविरुद्धको महाअभियोग सिफारिस समिति समक्ष पुगिसकेको छैन् ।

संघीय संसद सचिवालयका प्रवक्ता रोजनाथ पाण्डे अब बस्ने प्रतिनिधिसभा बैठकमा जबराविरुद्धको महाअभियोग प्रस्ताव प्रस्तुत हुन सक्ने बताउँछन् । त्यसपछि संसदमा सामान्य छलफल हुन्छ । उक्त छलफलपछि प्रतिनिधिसभामा रहेका एक चौथाई सांसदले महाअभियोग अगाडि बढाउने भनी समर्थन गरेको खण्डमा सिफारिस समिति समक्ष पुग्छ ।

> प्रधानन्यायाधीश जबराविरुद्धको महाअभियोग अध्ययन गर्न सिफारिस समिति बनेपनि संसदीय अंक गणितले प्रस्ताव पारित हुने वा नहुने निक्र्यौल छैन ।

सिफारिस समितिसमक्ष पुगेपछि उसले तीन महिनाभित्र प्रतिवेदन दिनुपर्ने, समय अपुग भएको भनी थप एक महिना लिन सक्ने कानुनी व्यवस्था छ । यसअनुसार, महाअधियोग सिफारिस समितिले बढीमा चार महिनामा प्रतिवेदन दिनुपर्ने हुन्छ ।

महाअभियोग सिफारिस समितिले महाअभियोग लगाउन आवश्यक नरहेको ठहर गरे त्यहीँ रोकिन्छ । अगाडि बढाउन सिफारिस गरे प्रतिनिधिसभामा तत्काल कामय रहेको २७१ सांसदको दुई तिहाई अर्थात १८१ सांसदले समर्थन गर्नुपर्छ ।

तर, सत्तारुढ दलहरुसंग यो बहुमत संख्या छैन् । १६५ सांसदको समर्थनमा शेरबहादुर देउवा प्रधानमन्त्री बनेको भएपनि उनीसंग हाल १५७ जना मात्रै सांसदको समर्थन छ । नेपाली कांग्रेसका ६३, नेकपा माओवादी केन्द्रका ४९, नेकपा एकीकृत समाजवादीका २३ जनता

– बाँकी पृष्ठ २ मा

## अडान लिने दायित्व भुल्ने

लगातार प्रतिनिधिसभा विघटन गरिहेको विपक्षी दल नेकपा एमाले राष्ट्रिय राजनीतिक जहाँसुकै पुगेपनि सम्झौता गर्न तयार देखिएको छैन ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौ, २२ फागुन ।

प्रमुख विपक्षी दल नेकपा एमाले संघीय संसद अवरोध हटाउन तयार नभएपछि त्यसको विकल्पबारे सत्तारुढ दलहरु लगातार छलफलमा छन् । मुलतः तीन विकल्पमाथि सत्तारुढ नेताहरुले छलफल गरेका छन्: पहिलो- एमालेसँग सहमति खोज्ने, दोस्रो- अहिलेकै जसरी अवरोधबीच अगाडि बढ्ने र तेस्रो- प्रतिनिधिसभा विघटन गरेर अर्लि इलेक्सनमा जाने ।

गत १९ फागुनमा बसेको बैठकमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अर्लि इलेक्सनमा जाने अवस्था समेत बन्ने बताएका थिए । प्रचण्डकै अभिव्यक्तिलाई बल पुग्नेगरी आइतबार नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रतिनिधिसभा विघटन गरी अर्लि इलेक्सन भए एमालेको हंमामा नै नरहने अभिव्यक्ति दिए । सत्तारुढ नेताहरुले एमालेकै कारण प्रतिनिधिसभा विघटनको प्रस्तावसम्म छलफल गर्ने अवस्था बनेको बताउँछन् ।

लगातारको एमाले संसद अवरोधप्रति एमालेकै कतिपय नेताहरुको असन्तुष्टि छ । नेता भीम रावल निरन्तर संसद अवरोध हुनु जनताको सार्वभौम अधिकार माथिको खेलवाड भएको

– बाँकी पृष्ठ २ मा

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मंच, नेपालको सूचना

अवश्यक कागजात:
सम्पर्क व्यक्तिहरु:

राजेन्द्र भण्डारी
कार्यबाहक अध्यक्ष
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल

## युक्रेन र रुसमा समस्या परेका कामदारको उद्धारका लागि विभाग सक्रिय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ फागुन

रुस-युक्रेन युद्धका कारण समस्यामा परेका वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको उद्धारका लागि वैदेशिक रोजगार विभागले सक्रियता देखाएको छ । रुस-युक्रेन युद्ध शुरूवात भएको दशौं दिन आइतबार एक सूचना जारी गर्दै विभागले युक्रेन तथा प्रभावित क्षेत्रमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई वा नलिई गई कामदारको रुपमा कार्यरत रहका नेपाली कुनै अप्ठ्यारोमा परेको वा उद्धार गर्नुपर्ने अवस्थामा रहेको भए विभागले सार्वजनिक गरेको ठेगानामा सन्देश पठाउन आग्रह गरेको छ ।

विभागले समस्यामा परेका नेपालीले कुनै माध्यमबाट विदेशस्थित नेपाली नियोग तथा नेपालमा रहेका आफन्तमार्फत पनि आफ्नो अवस्थाबारे यथाशक्य छिटो अध्यावधिक गराउन समेत अनुरोध गरेको छ ।

विभागले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कल सेन्टरमा नेपालका परिवार तथा आफन्तले निःशुल्क र विदेशबाट सःशुल्क फोन गर्न सकिने भन्दै विदेशबाट +९७७ १ ५९७०००८ मा फोन गर्न, +९७७ ९८०१८०००१३ नम्बरको भाइबरमार्फत फोन अथवा मेसेज गर्न, वैदेशिक रोजगा बोर्ड र विभागमा पनि सम्पर्क गर्न आग्रह गरेको छ ।

हाल युद्धको सामना गरिरहेको युक्रेनमा गत वर्ष १ सय ६ जना नेपाली कामदार श्रम स्वीकृति लिएर गएको विभागको तथ्यांकमा उल्लेख छ । उनीहरू कति फर्किए स्पष्ट हुन नसकेको बताइएको छ । कतिपय भिसामा गई स्थानीयस्तरमा रोजगारीमा जोडिएको बताइएको छ ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यामहरुले रुस र युक्रेनको द्वन्द्वमा युक्रेनबाट भागेका शरणार्थी र महिलाहरूलाई आपराधिक समूहले यौनदाशी र मानव दासको रुपमा प्रयोग गर्न सक्ने देखिएको भन्दै चिन्ता व्यक्त गरेका छन् । रुसले युक्रेनमा आक्रमण गरेपछि युक्रेनको राजधानी कियभ लगायतका स्थानबाट १० लाखभन्दा बढी महिला र बालबालिका शरणार्थीका रूपमा पोल्याण्ड, मोल्दोभा, रोमानिया, स्लोभाकिया र हंगेरीतर्फ लागेका छन् ।

अधिकारकर्मी तथा अभियानकर्ताहरुले उनीहरुमध्ये धेरै यौनदासीमा परिणत हुनसक्ने भन्दै चिन्ता व्यक्त

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### प्रमुख गन्तव्य साउदीमा नेवानिको फ्लाइट

**काठमाडौं/रासस-** नेपाल वायुसेवा निगमले आगामी वैशाखदेखि काठमाडौं-रियाद-काठमाडौं क्षेत्रमा साताको तीन दिन व्यावसायिक उडान गर्ने भएको छ । साउदी अरेबियाले नेपाल वायुसेवा निगम (नेवानि)लाई उडान अनुमति प्रदान गरेको सँगै ठूलो संख्यामा नेपाली कामदार रहेको साउदी अरबमा नेपाली ध्वजाबाहक जहाजको उडान सहज भएको हो ।

साउदी अरेबियाको नागरिक उड्डयन नियामक निकाय जनरल अथोरिटी अफ सिभिल एभिएशन (जेएसिए) ले आइतबार नेवानिलाई आइतबार उडानको अनुमति दिएको हो । जेएसिएबाट प्राप्त अनुमतिअनुसार नेवानिले रियाद, दमाम र जेद्दामा उडान गर्न पाउनेछ । यसैबीच नेवानिले आइतबार विज्ञप्ति जारी गरी काठमाडौं-रियाद-काठमाडौं क्षेत्रमा साताको तीन दिन व्यावसायिक उडान गर्ने जनाएको छ ।

VACANCY ANNOUNCEMENT

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Documentation Officer - 2 Male/ Female
Bachelor passed, excellent in photoshop, Nepali typing skill, MS word with latest technology
2-3 years work experience preferred.

PRO - 2 male
+2 passed, excellent in computer knowledge

Receptionist - 2 Female
Salary Attractive
Bachelor passed, smart & energetic, read, write and speak English skill, 1 year work experience in Receptionist, Fresser can be apply.

send cv : info@palhioverseas.com, palhioverseas2006@gmail.com

पाल्ही ओभरसिज प्रा. लि. श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
Website: www.palhioverseas.com
Tel: 01-4015655, 4015792 Mobile: 9801212601

UAE मा रोजगार | कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C. शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/११/२२ चलानी नं.: ६०१७५४६४ LT. No.: 259125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 25 | 25 | सम्बन्धित काममा दक्ष | 800 | २६,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 100 | 30 | | 1600 | ५२,९४४ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ ।

फाईनल अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौमा २०७८ फागुन ३० गते (14 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु स"ग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ४३६०५७६, ४३५०७१९
Email: futurestarmp397@gmail.com
Mobile: 9810101810, 9851100426

Staff Wanted
Office Secretary -02 (Female)
Documentation - 2 ( M/F)
PRO - 6 (M/F) Labor Representative - 01 (Male)
Receptionist - 2 Female

# नागरिकता, भिजिट भिसा समस्या हटाउन माग

**काठमाडौं/मस**-गृहमन्त्री बालकृष्ण खाँणसँग महिला सांसदले नागरिकता र भिजिट भिसालगायतका विषयमा देखिएको समस्या सम्बोधनका लागि पहल गर्न आग्रह गरेका छन् ।

नेपाली कांग्रेसकी सह-महामन्त्री महालक्ष्मी उपाध्याय 'डिना', सांसद रङ्गमती शाही, विन्दा पाण्डे, विमला राई पौडेल र विना श्रेष्ठले गृहमन्त्री खाँणलाई भेटी नागरिकता, भिजिट भिसालगायतका विषय देखिएको समस्या सम्बोधनका लागि पहल आग्रह गरेका हुन् । सो अवसरमा एमाले सांसद पाण्डेले नागरिकतासम्बन्धी विधेयक प्रतिनिधिसभाको समितिबाट संसद्मा गइसकेकाले पारित गर्ने अवस्था निर्माण गर्न आग्रह गरेका हुन् वैवाहिक अङ्गीकृतबाहेकका विषयमा सहमति बनेकाले पास गरेर कानून बनाउँदा उपयुक्त हुने उनको भनाइ थियो ।



नागरिकतासम्बन्धी विषयले उमेर पुगेका पनि बैंक खाता खोल्न, पढ्न, विद्यालयमा भर्ना हुन र रोजगारीका लागि आवेदन दिन पनि समस्या भएकाले यथाशीघ्र समस्या समाधान गर्न पहलकदमी लिई दिन गृहमन्त्रीलाई उनीहरुले आग्रह गरेका मन्त्रीका प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिए ।

भिजिट भिसाबाट सिर्जित समस्या तथा समाधानका उपायहरू सम्बन्धमा सिफारिस गर्न गठित कार्यदलको प्रतिवेदनमा संविधानसँग बाझिने विषयवस्तु समेटिएको भन्दै सच्याउन आग्रह गरे ।

पछिल्ला बलात्कार प्रकरणमा पीडित बालिकामाथि बढी प्रहार गर्ने काम भएको भन्दै रोक्न पहल गरिदिन पनि उनीहरुले आग्रह गरेका थिए ।

संविधानको मर्म र भावनाअनुरूप समावेशी र समानुपातिक आधारमा स्थानीय तह निर्वाचनमा कम्तीमा ५० प्रतिशत उम्मेदवारी दिने व्यवस्था दलहरूबाट हुनुपर्ने विषय पनि सो अवसरमा उठाएका थिए ।

म्यादी प्रहरी र निर्वाचन गर्ने कर्मचारी पनि ५० प्रतिशत महिला घटाउने विषयमा पनि उनीहरुले गृहमन्त्रीको ध्यानाकर्षण गराए ।

सो अवसरमा कांग्रेस सहमहामन्त्री उपाध्यायले अपराधमा 'जेन्डर' जोडिन नहुने बताइन् । स्थानीय तह निर्वाचनमा महिलालाई पालिकाका उपप्रमुखमा मात्र होइन प्रमुखमा पनि निश्चित कोटा छुट्याउनुपर्ने तथा वडा अध्यक्षमा महिलाको संख्या कम रहेकाले बढाउने पहल पनि सरकारबाट हुनुपर्ने बताइन् । सो अवसरमा गृहमन्त्री खाँणले महिला सांसदहरूले उठाएका विषयमा सरकारको ध्यानाकर्षण भएको बताए ।

### आन्दोलित भयो सार्वजनिक यातायात क्षेत्र

# भाडादर आफै बढाउने चेतावनी

**काठमाडौं/मस**-नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सार्वजनिक यातायातको भाडा आफैले बढाउने चेतावनी सरकारलाई दिएको छ । पेट्रोलियम पदार्थको मूल्य वृद्धि पटक-पटक हुँदा पनि सरकारले सार्वजनिक यातायातको भाडा नबढाएको भन्दै व्यवसायी आफैले बढाउने चेतावनी दिएको हो ।



महासंघ महासचिव महासंघकासरोज सिटौलाले सरकारले पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएअनुसार सार्वजनिक यातायातको भाडा समायोजन नगरे व्यवसायी आफैले भाडा समायोजन गर्ने बताए । उनले महासंघको बैंठक बसेर यही फागुन २५ गतेसम्म सरकारले नयाँ भाडा समायोजन नगरे व्यवसायी आफैले भाडा बढाउने निर्णय गरि सकेको जानकारी दिए ।

यातायात व्यवसायीहरुले सरकारलाई भाडा समायोजन तथा मूल्य वृद्धि गर्न बारम्बार निवेदन गरे पनि सरकारले बेवास्ता गरिरहेको महासचिव सिटौलाको भनाई छ । उनले २५ गतेभित्र सार्वजनिक यातायातको वैज्ञानिक भाडादर समायोजन नगरे सवारीसाधन चल्न नसक्ने बताए । सिटौंलाले सरकारले यातायात व्यवसायीहरुको मागको सुनुवाइ समेत नगरी नतमस्तक भएर बसेको तर्क गरे ।

सार्वजनिक सवारीसाधन तल्लो वर्गका जनताले उपयोग गर्ने भन्दै सिटौलाले १० अर्ब लगानी भएको क्षेत्र सरकारले समाप्त पार्न खोजेको दाबी गरे । उनले पेट्रोलियम पदार्थमा पछिल्लो पटक बढेको भाडादारको अनुपातमा सार्वजनिक यातायातको पनि भाडा बढाउनुपर्ने माग गरे । पेट्रोलियम पदार्थको मूल्य वृद्धिको कारण धेरै व्यवसायीहरुले मालवाहक सवारीसाधन ग्यारेजमा थन्काएर राख्न थालेको महासचिव सिटौलाले बताए ।

पछिल्लो समय डिजल-पेट्रोलको मूल्य वृद्धि भएर नयाँ रेकर्ड कायम गर्ने थालेपछि यातायात व्यवसायीले मूल्यवृद्धि फिर्ता लिन वा भाडा समायोजन गर्न माग गर्दै आएका छन । सरकारले गत बिहीबार राति मात्रै पेट्रोल र डिजलमा ५-५ रुपैयाँ प्रतिलिटरका दरले मूल्य बढाएको थियो । अहिले पेट्रोलको मूल्य प्रतिलिटर १५० रुपैयाँ र डिजेल प्रतिलिटर १३३ रुपैयाँ पुगेको छ ।

# मानवअधिकार रक्षकसम्बन्धी १७ बुँदे स्थितिपत्र जारी



**कर्णाली/मस**-कर्णाली प्रदेशमा मानवअधिकार रक्षकसम्बन्धी १७ बुँदे स्थितिपत्र जारी गरिएको छ । राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रदेशको राजधानी वीरेन्द्रनगरमा यही फागुन २० र २१ गते आयोजना भएको मानवअधिकार रक्षकको प्रादेशिक सम्मेलनले सो स्थितिपत्र जारी गरेको हो ।

प्रदेशका १० जिल्लाका विभिन्न क्षेत्रमा कार्यरत मानवअधिकार रक्षकका अधिकारको सवाललाई सम्बोधन हुने गरी स्थितिपत्र जारी गरिएको आयोगका जुम्ला शाखा प्रमुख बुद्धनारायण साहनीले जानकारी दिए । उक्त स्थितिपत्रमा तीनै तहका सरकारले मानवअधिकार रक्षकको संरक्षण तथा संवर्द्धनका लागि कानुन बनाउनुपर्ने र उनीहरूको भूमिकालाई सम्मान गरिनुपर्नेमा जोड दिइएको थियो ।

मानवअधिकार रक्षकहरूले असहयोग तथा असुरक्षा भोग्नु परिरहेको समस्या उल्लेख गरी उनीहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूति गरिनुपर्नेलगायत विषयमा सम्बोधन हुनुपर्नेमा जोड दिइएको छ । यसैगरी मानवअधिकार रक्षकको क्षमता विकास तथा उनीहरूको भूमिकालाई अनुगमन र नियमनका लागि एक स्वतन्त्र तथा स्वायत राष्ट्रिय संयन्त्र स्थापना गरिनुपर्ने माग गरिएको छ । मानवअधिकार संरक्षणका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र आयोगको सिफारिसलाई प्रभावकारी तवरबाट कार्यान्वयन गर्नुपर्ने बुँदा पनि स्थितिपत्रमा समेटिएको छ ।

आयोगका सहसचिव नवराज सापकोटाकाका अनुसार सम्मेलनले जुम्लामा भएको मानवअधिकार आयोगको कार्यालयको अधिकारक्षेत्र यथावत रहने गरी राजधानी सुर्खेतमा अनिवार्यरूपमा आयोग हुनुपर्ने माग गरेको थियो । मुख्यमन्त्री जीवनबहादुर शाहीसँग भवनका विषयमा भएको छलफलमा उनले सुर्खेतमा प्रदेशस्तरीय कार्यालय हुन आवश्यक रहेको सुझाव दिएका थिए ।

आयोगका जुम्ला प्रमुख बुद्धनारायण साहनीको संयोजकत्वमा गठित मस्यौदा समितिले मानवअधिकार रक्षकको अवस्थाबारे स्थितिपत्र तयार गरेको थियो । सम्मेलनले मानवअधिकारको नयाँ प्रत्याभूति दिलाउने अपेक्षा गरिएको छ । नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष नेत्र शाहीले सधैं अरुकै हितमा काम गर्ने मानवअधिकार रक्षकको आफ्नो अधिकार र कर्तव्यको खोजीमा आयोगले गरेको सम्मेलनले विशेष अर्थ राख्ने बताए ।

मध्यपश्चिम विश्वविद्यालयका पूर्व डीन पिताम्बर ढकालले कार्यक्रमले फलदायी नतिजा ल्याउनेमा अपेक्षा गर्नुभयो भने रुकुमपश्चिमका अधिकारकर्मी ब्युँझना पुन देवकोटाले मानवअधिकार रक्षकले चुनौतीपूर्ण काम गर्दै आएकाले तिनको सुरक्षा, संरक्षण र स्रोतसाधनमा भरपूर्ण बनाइनुपर्नेमा जोड दिए ।

# पुनरुत्थानशीलता विश्लेषण तथा जीविकोपार्जन कार्यशाला



**नविन अंकुर/मध्यान्ह**
मनाङ, २२ फागुन

पुनरुत्थानशीलता विश्लेशण तथा जीविकोपार्जनसम्बन्धी विस्तृत अध्ययन कार्यशाला सदरमुकाम चामेमा आयोजना गरिएको छ ।

कार्यशालामा पालिकास्तरको जीविकोपार्जनका मुख्य माध्यमको पहिचान गरिनाका साथै जलवायु परिवर्तनले खाद्यसुरक्षा र जीविकोपार्जनमा पारेको असर तथा समुदायको अनुकूलन क्षमताका सम्बन्धमा विस्तृत छलफल गरी सोसम्बन्धी सूचना संकलन गरिएको विश्व खाद्य कार्यक्रम गण्डकी प्रदेश संयोजक विष्णु आचार्यले जानकारी दिए ।

उनका अनुसार यो अध्ययन गण्डकी प्रदेशका सबै जिल्लामा गरिने र अध्ययनको नतिजा संघ, प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने उद्देश्यका साथ कार्यशाला गरिएको हो । साथै यस अध्ययनबाट प्राप्त हुने निष्कर्षका आधारमा आगामी दिनमा सरोकारवालालाई तथ्यमा आधारित रही आवश्यक नीति निर्माण गर्न र योजना निर्माण तथा कार्यान्वयनका लागि सहयोग पुग्ने अपेक्षा गरिएकोसमेत संयोजक आचार्यले प्रष्ट्याए ।

जिल्ला समन्वय समितिका प्रमुख यज्ञप्रसाद घलेले स्थानीयवासीको प्रत्यक्ष संलग्नतामा गरिने यस्तो छलफल तथा सूचना संकलनले स्थानीयस्तरको अवस्थाको यथार्थ चित्रण हुनसक्ने र यसबाट जिल्ला तथा पालिकास्तरमा नीति, निर्माण र योजना तर्जुमा प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

साथै यस अध्ययनबाट प्राप्त हुने निष्कर्षका आधारमा आगामी दिन वातावरणीय जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालनमा सहयोग गर्न पनि सम्बन्धित सरोकारवाला निकायलाई अनुरोध गरिएको थियो । राष्ट्रिय योजना आयोग र गण्डकी प्रदेश नीति तथा योजना आयोगको आयोजना, जिल्ला समन्वय समितिको संयोजन र विश्वखाद्य कार्यक्रमको सहकार्यमा सञ्चालित उक्त कार्यशालामा जिल्लाका चारवटै गाउँपालिकाका साथै जिल्लास्थित अन्य सरोकारवाला निकायको सहभागिता थियो ।

# वायु सेवाले साउदी अरेबियामा पनि उडान भर्ने

**काठमाडौं/मस**- खाडी मुलुकमध्येको साउदी अरेबियामा पनि नेपाल वायुसेवा निगमले उडान भर्ने भएको छ । नेपाल वायुसेवा निगमलाई सोमबार साउदीको नागरिक उड्डयन कार्यालय जेनरल अथोरीटी अफ सिभिल एभिएसन रियादले त्यहाँका तीनवटा सहर जेद्दा, दमाम र रियादमा दुईतर्फी उडानको अनुमति दिएको हो ।

उडान अनुमति लिन निगमको कार्यकारी अध्यक्ष युवराज अधिकारीसहितकर्मचारी साउदी गएका थिए । निगमले चैतदेखि पहिलो चरणमा काठमाडौं-रियाद-काठमाडौं सातामा तीन दिन उडान गर्ने विज्ञप्तिमार्फत जनाएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेको विशेष निर्देशन र कार्यकारी अध्यक्ष युवराज अधिकारीको पहलमा यो उडान अनुमति प्राप्त भएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

निगमले अप्रिल २०२२ बाट नै व्यावसायिक योजना अनुरुप काठमाडौं-रियाद-काठमाडौं सेक्टरमा साताको तीन वटा नियमित उडान शुरु गर्ने जनाइएको छ ।

## हार्दिक श्रद्धाञ्जली एवं समवेदना

जन्मः
१९९३/०८/१४



स्वर्गारोहणः
२०७८/११/११

**स्व. छत्र बहादुर कटुवाल**

यस संस्थाका बजार अधिकृत श्री होम बहादुर कटुवालका पुजनीय पिता

**छत्र बहादुर कटुवालको**

असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै, यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्तिको कामना गर्दै समस्त परिवारजनप्रति गहीरो समवेदना प्रकट गर्दछौं ।

प्रेम बहादुर कटुवाल
अध्यक्ष एवं
लोक दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
परिवार
नयाँ बानेश्वर, काठमाडौं ।
फोनः ०१४४८४३६०

## आक्रोश...

नाम पठायो । सोही अनुसार सिफारिस समिति गठन भयो । यो विषयलाई एमाले संसदीय प्रक्रियामा सहभागी भएको रुपमा बुझेर सत्तागठबन्धनका नेताहरुले अब संसदको जारी अवरोध हट्ने र अर्ली इलेक्सनको बहस पनि टर्ने विश्वास गरेका छन् ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडुका अनुसार, दुई कारणले अब अर्ली इलेक्सनको संभावना र बहस अप्रासंगिक भएको छ । एक- संसदीय प्रक्रियामा एमालेको सहभागिता । दुई- सर्वोच्च अदालतको आदेश ।

'नेकपा एमालेले महाअभियोग सिफारिस समितिमा रहने सदस्यहरु पठायो । सिफारिस समितिको निर्णय पारित हुँदा विपक्षमा हुन्न भनेन् । यो उसको संसदीय प्रक्रियामा सहभागिता हो भन्ने सरकारको बुझाई छ' बडुले थपे, ' अब संसद सहज रुपमा चल्छ भन्ने हाम्रो विश्वास छ ।' अर्कोतर्फ अर्ली इलेक्सनको बहसलाई राजनीतिक रुपमा तन्काउने आधार पनि सर्वोच्चले नदिएको बडुको भनाई छ ।

'हाम्रो सरकार बन्दा सर्वोच्चले प्रतिनिधि सभाको पूर्ण कार्यकालको व्याख्या गरेको छ । सरकार बन्दाको ग्राउण्डलाई हेर्दा अब समेतले पनि अर्ली इलेक्सनको विषय अप्रासंगिक छ' कानुनमन्त्री बडुले भने ।

सत्तारुढ नेकपा माओवादी केन्द्रका नेता बर्षमान पुन पनि अब अर्ली इलेक्सनको संभावना न्यून रहेको बताउँछन् । कारण स्थानीय तहको निर्धारित चुनाव र मौसम ।

सरकारले आगामी बैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्दैछ । निर्वाचन आयोगले तयारीको काम तिव्र गतिमा अगाडि बढाएको छ । 'अब स्थानीय तहको निर्वाचन रोक्ने कुरा हुन्न । साथसाथै स्थानीय तहको निर्वाचन लगत्तै प्रतिनिधि सभाको अर्ली इलेक्सन गर्न मौसमले दिन्न' नेता पुनले भने ।

नेपालको भौगोलिक अवस्थिति अनुसार असार/साउन महिना चुनावका लागि उपयुक्त नहुने उल्लेख गर्दै उनले थपे, 'मंसिरपछि निर्वाचन गराउँदा अर्ली इलेक्सन हुँदैन । यसकारण अब कुनै पनि कोणबाट प्रतिनिधि सभाको अर्ली इलेक्सनको संभावना छैन् ।'

## जबराविरुद्ध...

समाजवादी पार्टीका २१ र राष्ट्रिय जनमोर्चाका एक जना सांसद मात्रै सत्तारुढ गठबन्धनसंग छ ।

यो संख्याले जबराविरुद्धको महाअभियोग पारित गर्न पुग्दैन । यसकारण प्रधान न्यायाधीश जबरा पुनः सर्वोच्च फर्किने संभावना टरेको छैन् । ९८ जना सांसद रहेको नेकपा एमालेले जबराविरुद्ध मतदान गरे महाअभियोग प्रस्ताव पारित हुनेछ । एमालेले जबराविरुद्धको महाअभियोगका सत्तारुढ दलहरुलाई साथ नदिए प्रस्ताव फेल हुन्छ र जबरा पुनः सर्वोच्च अदालतमा हाजिर हुन पाउँछन् ।

तर, सत्तारुढ गठबन्धनका नेताहरु भ्रष्टाचार र कार्यपालिकासंग भागवण्डा खोजेको आरोप लागेका जबराको पक्षमा एमाले नउभिने विश्वास गर्छन् । एमाले जबराको पक्षमा उभिए त्यसको मूल्य आगामी निर्वाचनमा चुकाउनुपर्ने हुन सक्ने भएकाले पनि एमालेले जबराविरुद्धको महाअभियोगको पक्षमा मतदान गर्ने विश्वास गठबन्धनका नेताहरुको छ ।

'एमाले भ्रष्ट प्रधानन्यायाधीशको पक्षमा उभिन्छ कि विपक्षमा यो स्वमं एमालेको पनि परीक्षा हो' नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक जीवनराम श्रेष्ठले भनेका छन । गठबन्धनका नेताहरुले जबराविरुद्धको महाअभियोग पारित गराउन एमालेको समर्थन लिन प्रयास गर्ने पनि बताएका छन ।

## अडान ....

बताउँछन् । 'यो त नेपाली जनताको जुन सार्वभौम अधिकार माथिको खेलवाड हो, र यो एकदम अत्यन्त गैरजिम्मेवार काम हो' रावल भन्छन्, 'जसरी खेलवाड गरिएको छ, देशको कार्यपालिका, व्यवस्थापिका संसद, न्यायपालिका सारा अलपत्र गर्ने काम जुन गरिएको छ यो मलाई लाग्छ नेपाल राष्ट्रलाई कमजोर बनाउने कतैबाट सुनियोजित खेल त भइराख्या छैन भन्ने कहिलेकाहीँ मनमा शंका लाग्छ ।'

एमालेले सभामुख अग्निप्रसाद सापकोटा हटाइनुपर्ने र माधव नेपाल सहित १४ सांसदलाई पदमुक्त गरिनुपर्ने मागसहित लगातार संसद अवरोध गरिरहेको छ । एमालेले चालु आर्थिक वर्षको बजेट ल्याउन समेत अवरोध गरेको थियो । तर एमाले अवरोधबीच बजेट अनुमोदन भयो । गएको १५ फागुनमा पनि एमाले अवरोधबीच एमसीसी अनुमोदन भएको छ । तर एमाले भने सम्झौता रहित संसद अवरोधको कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

तर तिनै दल एमाले संसदीय समितिमा सहभागी हुँदै आएको छ । प्रतिनिधिसभामा अवैध भनेकै सांसदहरुसँग बस्ने गरिरहेका छन् । आइतबार मात्रै महाअभियोग सिफारिस समिति बन्यो । उक्त समितिमा एमालेका चार, नेपाली काँग्रेसका दुई, नेकपा माओवादी केन्द्रका दुई, एकीकृत समाजवादीका एक, जनता समाजवादीका एक र लोकतान्त्रिक समाजवादी पार्टीका एक सांसद रहनेगरी समिति बन्यो । जबकी माधव नेपाल नेतृत्वकको एकीकृत समाजवादीलाई नै एमाले दल मान्न तयार नभइ लगातार संघीय संसद अवरोध गरिरहेको छ ।

## युक्रेन....

गरेका छन् । युक्रेनबाट पलायन भएकाहरूलाई निःशुल्क यातायातको प्रस्ताव गरिएको भएपनि आपराधिक समूहले उनीहरुबाट विभिन्न शर्त राख्दै भुक्तानीको माग गरिरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यामहरुले जनाएका छन् ।

## भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७८/११/२३**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७८/१०/२८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका, कार्यालयको वेबसाईट र सूचना पाटीमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | BRMO/078/79/SQ/GOODS/04 | कृषि एम्बुलेन्सका लागि 4WD जीप खरिद | श्री अग्नी इन्कर्पोरेट प्रा.ली. का.म.न.पा-३, पानीपोखरी, काठमाडौ । | रु. २४,९५,०००/- (अक्षेरुपी चौबीस लाख पन्चानब्बे हजार मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

बाँके डायरी

गणेश रावत/मध्यान्ह

# बाँकेमा निवारण भएन हात्तीपाइले रोग



बाँकेमा वार्षिक लाखौं रकम खर्च गरेर हात्तीपाइले रोगविरुद्धको अभियान संचालन हुँदै आएको छ । तर उक्त अभियान प्रभावकारी भने हुन सकेको छैन । अभियान बालुवामा पानी खन्याएझैँ भएको छ । यता अभियान संचालन हुन्छ । तर रोग न्यूनीकरण भने हुन सकेको छैन । अभियान केबल बजेट सक्ने माध्यम बनेको छ ।

नेपालले सन् २०२० भित्र हात्तीपाइले रोग उन्मूलन गर्ने लक्ष्य राखेर सन् २०११ बाट बाँकेमा हात्तीपाइले रोग विरुद्धको औषधि खुवाउन शुरु गरिएको थियो ।

यो रोग ११ वर्षसम्म निवारण नहुनु दुखद पक्ष हो । दुई थरिका औषधि डिए वाला एमडिएले ५३ वटा जिल्लामा हात्तिपाइले संक्रमण रोक्न सक्यो तर जनचेतानाको कमि वा विविध कारणले ५ वटा जिल्लाहरुमा रोक्न सकेन । जसमा मोरङ, कपिलवस्तु, दाङ, बाँके र कैलाली रहेका छन् । यी ५ जिल्लामा अहिले पनि हात्तीपाइले रोग न्यूनीकरण हुन सकेको छैन । यो अभियान लक्ष्य विहिन भएको छ । अहिले पनि हात्तीपाइले रोगविरुद्धको अभियान लक्ष्य प्राप्त गर्न सकेको छैन ।

कोहलपुर नगरपालिकाले पालिकास्तरीय राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रम अन्तर्गत आम औषधि सेवन अभियानको योजना तर्जुमा गोष्ठीमा जनचेतनाको कमी, औषधिबारे गलत धारण भएको, औषधि सम्बन्धी थाहै नभएको जस्ता विषयले गर्दा लक्ष्य प्राप्त गर्न नसकेको कार्यक्रमकी फोकल पर्सन दुर्गा गौतमले बताइन् । उनका अनुसार कोहलपुर नगरपालिका वडा न. ५ र ६ को रझेना गाउँमा सर्वे गर्दा सन् २०१९ मा १८ प्रतिशत जनतामा हात्तीपाइले रोग रहेको थियो भने अहिले २०२२ मा ५ दशमलव ५ प्रतिशत छ । तर अहिले रझेना गाउँमा १ दशमलव भन्दा कम हुनुपर्ने फोकल पर्सन गौतमको भनाइ छ ।

यस्तै नेपालगञ्ज - ४ स्थित सल्यानीबाग गाउँमा समेत यो रोग निर्वारण हुन सकेको छैन । सन् २०१९ को तथ्यांकभन्दा सन् २०२२ मा २५ प्रतिशत मात्र घटेको देखिन्छ । उनले बाँकेमा ११ वर्षसम्म निवारण हुनुपर्ने भएपनि हात्तीपाइले रोग निवारण नभएको बताइन् ।

## फागुन २८ गतेदेखि हात्तीपाइले रोगविरुद्धको औषधी खुवाइने

स्वास्थ्य कार्यालय, बाँकेले फागुन २८ गतेदेखि बाँकेलगायतका दश जिल्लामा हात्तीपाइले रोगविरुद्धको औषधी खुवाउने भएको छ ।

हात्तीपाइले रोगविरुद्धको औषधी सबैलाई खुवाउन आइतबार विभिन्न व्यक्तित्वसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

हात्तीपाइले रोगविरुद्धको औषधी बाँकेवासीले सन् २०११ देखि खाइरहेका छन् । तर हात्तीपाइले रोग निवारण हुन नसकेको कार्यक्रमा सहभागीले बताए । औषधी वितारण हुन्छ तर सबैले औषधी नखाइदिँदा समस्या भएको बाँके जिल्ला समन्वय समितिका संयोजक अजय श्रीवास्तवले बताए । बाँकेको नेपालगन्जमा सबैभन्दा थोरैले मानिसले औषधी खाने गरेको उनले बताए । नेपालगञ्जमा गतवर्ष ४९ प्रतिशतले औषधी खाएका थिए ।

जनप्रतिनिधिले नै औषधी नखाइदिँदा जनताले औषधी नखाएको संयोजक श्रीवास्तवले टिप्पणी गरे । उनले यसपटक सबैलाई औषधी सेवन गरिदिन आग्रह गरे । यसपटक बाँकेमा उचाईका आधारमा तीन थरीका औषधी खुवाउने स्वास्थ्य कार्यालयकी हात्तीपाइले रोगकी फोकलपर्सन दुर्गा गौतमले बताइन् । बाँकेमा अहिले ४.१ प्रतिशत हात्तीपाइले रोगका संक्रमित रहेका छन् । सबैले औषधी नखाइदिँदा १२ औँ चरणमा आइपुग्दासम्म बाँकेमा हात्तीपाइले रोगविरुद्धको अभियान सफल हुन सकेको छैन । यो पटक सबैलाई औषधी खुवाउन स्वास्थ्य कार्यालयले विभिन्न व्यक्तित्वहरुसँग अन्तर्क्रिया गरिरहेको हो । उनले यसपटक सबैले मिलेर सबै जनतालाई औषधी खुवाउनु पर्ने बताइन् । प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले राष्ट्रिय अभियानलाई सफल बनाउन सबै लाग्नुपर्ने बताए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/२३**

**टिफिन ब्रेक क्याफे प्रा.लि.** को मिति २०७८/०६/१२ गते बसेको एकल सेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भेगन भान्छा फुड्स प्रा.लि. (प्रा.लि.नं.: १८१०३५)**, कायम गर्ने गरी मिति २०७८/०६/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदी र कुवेतमा रोजगारको अवसर**

१. कम्पनी : Building Technical Arts Foundation for General Contracting शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५४६३ LT. No.: 259005

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Villa three hundred and sixty for construction Co शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५४७८ LT. No.: 259004

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1200 | ३८,८८० | | | | | | | |
| 3. | Steel Fixer | 1 | 0 | | 1200 | ३८,८८० | | | | | | | |
| 4. | Tile Fixer | 4 | 0 | | 1200 | ३८,८८० | | | | | | | |

३. कम्पनी : ROOTS BURGER FOR SNACKS शहर : KUWAIT
पुर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३८१ LT. No.: 258831

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५६,१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 1 | 0 | | 140 | ५६,१०३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन ३० गते (14 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Believable Overseas Pvt.ltd.**
ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501

**Saudi मा रोजगार** | कम्पनी: CAR SITE MOTORS ESTABLISHMENT शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५३१३ L.T. No.: 258931

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Washing And Lubricating Agent | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Odinary labour | 2 | 0 | | 1000 | ३२,२१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन ३० गते (14 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सिपड इम्प्लाईमेन्ट सर्भिस प्रा. लि.**
इजाजत पत्र नं. ४५३/०६०/०६१
सामाखुसी, काठमाडौं, नेपाल फोनः ४३६०८३८
Mobile: 981-2552556,980-3116644

**QATAR मा रोजगार** | कम्पनी: AL SHEIKH TRANSPORT & CARGO SERVICES WLL शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५४८९ LT. No.: 258918

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६०,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३० गते (14 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Blue Ocean Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. ११६३/०७३/०७४
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com

**Free Visa ! Free Ticket ! Free Medical ! Free ISC ! Free Service Charge !**
**(Zero Cost) सहित Malaysia मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LUCKY WOOD MANUFACTUREING शहर : JOHOR
पूर्व स्वीकृत मितिः २०७६/१०/२८ चलानी नं.: ६०१५१६०८ LT. No.: 233015 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 80 | 0 | स. काममा दक्ष | 1200 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

नोट : आवेदकहरूलाई कुनै मध्यस्थको प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आवेदक वा तिनीहरूका परिवारका सदस्यहरूले यस रिक्रुटमेन्टको लागि कुनै प्रकारको शुल्क तिर्नु पर्नेछैन ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३० र चैत १ गते (14 & 15 March 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DITYA INTERNATIONAL PVT. LTD.**
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com

यसै मेनपारको लागि Manager 1 र Documentation 2 जना आवश्यकता परेको हुदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

**साउदीमा रोजगार** | १. कम्पनी: Maryam Hamad Bin Saleh Al Dagherir Establishment For Beverage Serving शहर : Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४९७ L.T. No.: 258753

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1300 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Hamad Mohamed Hassan Masloum Cafe to serve drinks शहर :Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५४९८ L.T. No.: 258257

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 2 | 0 | स. काममा दक्ष | 1300 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Sultan Habib Bin Tabrouk Al-azmi Operation & Maintenance Est शहर :Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/१० चलानी नं.: ६०१७५४९६ L.T. No.: 258752

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: Sherif Mohammed Bin Saleh Al Daghrir Foundation for Thermal Insulation शहर :Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५४९४ L.T. No.: 258552

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Thermal Insulation Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: My Trust for Car Services शहर :Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५४९५ L.T. No.: 258754

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: Zalfa Asiri Fast Food Establishment शहर :Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५५११ L.T. No.: 258974

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 4 | 0 | स. काममा दक्ष | 1400 | ४५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: Chips Pie Fast Food Restaurant. शहर :Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५५१० L.T. No.: 258975

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pastry And Pie Maker | 1 | 0 | | 1500 | ४८,६०० | | | | | | | |
| 3. | Waiter | 1 | 0 | | 1200 | ३८,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३० गते (14 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २, ५, ६ र ७ निःशुल्क अन्यको रु.१०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

**साउदीमा रोजगारको अवसर** | १. कम्पनी: IMDADAT MARKETING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५५०८ L.T. No.: 259199

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: The Fifth Path Contracting Company is a one person company शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५५५०९ L.T. No.: 259200

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३० गते (14 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

